जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ५४ २०८३ साल असोज ६ गते मंगलबार (22 Sep 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : न्युयोर्कमा राष्ट्रसङ्घीय महाभेला,. ३ पृष्ठमा : 'ठूलो बाढी आउँदैछ' भन्ने ... ३ पृष्ठमापाकिस्तानमा १५ लाख ...

# उवा संघको अध्यक्ष पदका लागि ५१ हजार उम्मेदवारी शुल्क

## अध्यक्षमा निवर्तमान अध्यक्ष अग्रवालको मात्र उम्मेदवारी, वाणिज्य उपाध्यक्ष र महासचिवमा दुई-दुई जनाले गराए मनोनयन दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरी उद्योग बाणिज्य संघको उम्मेदवारी शुल्क यस पटक बृद्धि गरिएको छ । अध्यक्ष पदका लागि ५१ हजार तथा पदाधिकारीहरुको उम्मेदवारी शुल्क ३५ हजार र सदस्यहरुको उम्मेदवारी शुल्क २१ हजार तोकिएको छ ।

यो शुल्क उद्योग बाणिज्य संघको निर्वाचनकै इतिहासमै महँगो हो । यसअघिको निर्वाचनमा साधारण शुल्क बुझाएर उम्मेदवार बन्न पाइन्थ्यो ।

यसरी उम्मेदवारी शुल्क बढाएर साधारण व्यापारी उम्मेदवार बन्न इच्छुक हुँदा हुँदै पनि उम्मेदवारी शुल्ककै कारण बञ्चित भएको स्थानीय व्यापारीहरुको गुनासो छ । अहिले जिल्लाको उद्योग ब्यापारको अवस्था दयनिय रहेको बेला महँगिदो



निवर्तमान अध्यक्ष लालु प्रसाद अग्रवाल

उम्मेदवारी शुल्कका कारण निर्वाचनमा पैसा र पहुँचवालाले मात्र प्रतिष्पर्धा गर्ने देखिएको छ ।

यसैबीच सप्तरी उद्योग वाणिज्य संघको नयाँ नेतृत्व चयनका लागि सोमबार उम्मेदवारी दर्ता भएको छ । अध्यक्ष पदमा निवर्तमान अध्यक्ष लालु प्रसाद अग्रवालको मात्रै उम्मेदवारी परेको छ भने वाणिज्य उपाध्यक्ष र महासचिव पदमा भने दुई-दुई जनाको उम्मेदवारी परेको छ ।

निर्वाचन समितिका संयोजक सतिश दत्तका अनुसार वाणिज्य उपाध्यक्षमा अमृत कुमार सञ्चेती र रामअशिष प्रसाद साह तथा महासचिवमा भोगेन्द्र मिश्र र सुरेन्द्र प्रसाद साहले उम्मेदवारी दिएका छन् ।

यस्तै सचिव पदमा सुरेन्द्र बिमल, कोषाध्यक्षमा प्रमोद काबरा र सह-कोषाध्यक्षमा निर्मल कुमार मुन्धडाको उम्मेदवारी परेको छ ।

उम्मेदवारविरुद्ध दावी-विरोध तथा उम्मेदवारी फिर्ताका लागि मंगलबारको समय तोकिएको निर्वाचन समितिले जनाएको छ । दाबी-विरोध नपरेमा र उम्मेदवारी फिर्ता नभए एकल उम्मेदवार रहेका पदमा सर्वसम्मत घोषणा गरिने संयोजक दत्तले बताए ।

८ सय ९१ मतदाता रहेको सप्तरी उद्योग वाणिज्य संघको नयाँ नेतृत्व चयनका लागि असोज १० गते निर्वाचन हुँदैछ ।

# हवाई फायर गरी ३३ किलो गाँजासहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, ५ असोज ।**

पर्सा प्रहरीले हवाई फायर गरी ३३ किलो लागुऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ । जिल्लाको पटेर्वासुगौलीमा प्रहरीले दुई राउन्ड हवाई फायर गरेर उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

आइतबार राति हवाई फायर गरी नन्दलाल सहनी, महेश सहनी र भुटी सहनीलाई नियन्त्रणमा लिइएको पर्सा प्रहरी प्रवक्ता डिएसपी चक्रबहादुर मल्लले बताए ।

पटेर्वासुगौली गाउँपालिका-१ स्थित मलाही टोलमा अवैध गाँजाको कारोबार भइरहेको सूचनाका आधारमा प्रहरी टोली पुगेको थियो । प्रहरीले जाँच अगाडि बढाउँदा उनीहरू गाँजा बोकेर भाग्न थालेका थिए ।

उनीहरू भाग्न थालेपछि नियन्त्रणमा लिन सोही क्रममा हवाई फायर गरिएको प्रहरी प्रवक्ता मल्लले जानकारी दिए । प्रहरीले उनीहरूको साथबाट ३३ किलो गाँजा बरामद गरेको छ ।

पक्राउ परेका तीनै जनालाई हिरासतमा राखी लागुऔषध कारोबारसम्बन्धी कसुरमा थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# चिकित्सकमाथी हातपात तथा कुटपिट गर्ने दुई पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ५ असोज ।**

प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत चिकित्सक सरोज साहमाथि हातपात तथा कुटपिटमा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चिकित्सक माथि हातपात गरेको आरोपमा धनुषा, औरही गाउँपालिका, वडा नं. २ बस्ने वर्ष २० का विजय मुखिया र जनकपुर उपमहानगरपालिका वडा नं. ८ बस्ने वर्ष २६ की सुधिरा मुखिया बिनलाई नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई धनुषा जिल्ला अदालतबाट ३ दिनको म्याद लिई थप अनुसन्धान जारी रहेको जनाएको छ ।

*बाँकी दुई पृष्ठमा*

# चिकित्सकको लापरबाहीले महिलाको मत्यु भएको भन्दै प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

शल्यक्रियामार्फत छोरी जन्माएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएपछि आफन्तले चिकित्सकको लापरबाही भएको आरोप लगाउँदै सोमबार प्रदर्शन गरेका छन् ।

सप्तरीको कञ्चनरूप नगरपालिका १२ सिमरास्थित धर्मेश्वर अस्पतालमा मृतक चौधरीका आफन्त तथा स्थानीयहरुले उक्त आरोप लगाउँदै प्रदर्शन गरेका हुन् ।

जिल्लाको अग्नीसाइर कृष्णासवरन गाउँपालिका ५ बकधुवाका अमित चौधरीकी २८ वर्षीया श्रीमती निर्मला चौधरीको उपचारका क्रममा मृत्यु भएको हो भने नवजात शिशुको अवस्था भने सामान्य रहेको छ ।

निर्मलाको आइतबार राति विराटनगरस्थित विराट टिचिङ अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता हेमराज घिमिरेले जानकारी दिएका छन् ।

मृत्युपछि आफन्तले निर्मलाको शव धर्मेश्वर अस्पताल परिसरमा ल्याएर चिकित्सकको लापरबाहीका कारण मृत्यु भएको आरोप लगाउँदै प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीले घटनाको निष्पक्ष छानबिन, दोषी चिकित्सकमाथि कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् ।

सोमबार बिहानदेखि आफन्त तथा स्थानीयवासीले अस्पताल परिसरमा प्रदर्शन र नाराबाजी गरेपछि स्थिति तनावपूर्ण बनेको थियो ।

घटना विवरण अनुसार असोज २ गते निर्मलाले धर्मेश्वर अस्पतालमा शल्यक्रियामार्फत छोरीलाई जन्म दिएकी थिइन् । शल्यक्रियापछि स्वास्थ्यमा समस्या देखिएपछि उनलाई थप उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल भर्ना गरिएको थियो ।

त्यहाँ उपचारका क्रममा स्वास्थ्य अवस्था गम्भीर भएपछि थप उपचारका लागि विराटनगरस्थित विराट टिचिङ अस्पताल लगिएको थियो । उपचारकै क्रममा उनको आइतबार राति मृत्यु भएको प्रहरी प्रवक्ता घिमिरेले बताए ।

# प्रधानमन्त्री राहत कोषमा मौज्दात रकम करिब १५ अर्ब पुग्यो

काठमाडौं, ५ असोज (रासस) ।

रसुवाको भोटेकोशी नदीमा आएको बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ ।

नेपाल सरकारले सञ्चालन गरेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हाल करिब १५ अर्ब जम्मा भइसकेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार हाल कोषमा रु १४ अर्ब ८८ करोड

*बाँकी तीन पृष्ठमा*

## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सहुलियत दरका पसल आवश्यक

अहिले चाड पर्वको माहोल छाएको छ । यस बेला उपभोक्ता मारमा नपरोस् भन्ने उद्देश्यले सहुलियत दरका पसलहरु संचालन गर्नु पर्ने आवश्यकता रहेको छ । विभिन्न सामानहरुका साथै दैनिक उपभोग्य बस्तुहरु सहुलियत दरमा पाउने व्यवस्था ती पसलहरुमार्फत मिलाउन सरकारले पहल गर्नु आवश्यक छ । यस्ता पसल सप्तरीमा पनि आवश्यक छ । कम्तिमा सदरमुकाम केन्द्रित गरेर एउटा सहुलियत दरका पसल खोल्नु जरुरी छ ।

चाड पर्वको बेला उपभोक्ता अनावश्यक मुल्यको मारमा नपरोस् भन्ने उद्देश्यले यस्ता पसलहरु आवश्यक हुन्छ । तर, जिल्लाका हालसम्म यसका लागि कुनै पहल भएको देखिन्न् । उपभोक्ताहरुलाई बजारका अन्य पसलहरुको तुलनामा सस्तो र सुपथ मूल्यमा सामानहरु उपलब्ध गराउन उद्देश्यले विगतमा संचालनमा रहेका त्यस्ता पसलहरु हाल हराएको छ । सुपथ मुल्यको पसल बारे ग्राहकहरुलाई सूचनाको अभाव वा उनीहरुको वेवास्ताका कारण प्रभावकारी बन्न सकेन् ।

तसर्थ सम्बन्धित निकायले त्यस्ता पसल कम्तिमा एक दुई स्थानमा संचालनका लागि आवश्यक कदम उठाउनु अत्यन्त जरुरी रहेको छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# न्युयोर्कमा राष्ट्रसङ्घीय महाभेला, जम्मा हुँदै विश्वका नेताहरु

न्यूयोर्क (अमेरिका), ५ असोज (रासस) ।

आइतबार बिहान न्युयोर्कको मौसममा अचानक परिवर्तन आयो, बिहानैदेखि सिमसिम पानी पर्न थाल्यो । यतिखेर यहाँको मौसम हल्का चिसो हुँदै गएको छ ।

तर, यहाँ मङ्गलबारदेखि संयुक्त राष्टसङ्घको महासभामा उच्चस्तरीय राजनीतिक सम्बोधन सुरु हुने भएकाले राजनीतिक एवं कूटनीतिक महौल भने तात्दै छ । उक्त सम्मेलनमा १३० देशका सरकार प्रमुखले सम्बोधन गर्ने राष्ट्रसङ्घका प्रवक्ताले यस अगाडि जानकारी दिइसक्नुभएको छ ।

यतिखेर न्युयोर्क सहरका अधिकांश होटलहरु भरिभराउ छन् । होटलका परिसर तथा वरपरसमेत महासभामा सहभागी हुन आएका विभिन्न देशका प्रतिनिधिहरुको चहलपहल देखिन्छ । विभिन्न देशका र अमेरिकाकै पनि अन्यत्र ठाउँबाट आएका मिडियाकर्मीहरुको पनि यतिखेर यहाँ भिडभाड देखिन्छ । राष्ट्रसङ्घीको महासभाको समाचार सङ्कलनका लागि उनीहरु खटिएर आएका र आफ्ना काम सुरु गरिसकेका छन् ।

समाचारमा जनाइएअनुसार सोमबार नै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वाशिङ्गटन डिसीबाट न्यूयोर्क आइपुग्नुहुने कार्यतालिका रहेको छ । यसैगरी इजरायलका प्रधानमन्त्री वेन्जामिन न्यातन्याओ लगायतका नेताहरु न्युयोर्क आइपुग्दैछन् ।

विश्वभरिका शासकदेखि प्रशासकसम्म अभियन्तादेखि पत्रकारसम्म अमेरिकाको वित्तीय राजधानी रहेको न्युयोर्कमा आगामी दश दिनसम्म खचाखच रुपमा भरिनेछन् । विदेशी विशिष्ट पाहुनाहरु र त्यसमाथि पनि सरकार प्रमुखहरुको बसाइ यही एक माइलभित्र रहेका सुविधा सम्पन्न र विश्वकै महङ्गा होटलहरुमा रहने गरेका छन् । तीमध्ये मिलेनियम हिल्टन न्यूयोर्क वान युएन प्लाजा, द वेष्टटिन न्यूयोर्क ग्राण्ड सेन्ट्रल वालड्रफ अष्टोरिया न्यूयोर्क, हयाट ग्राण्ड सेन्ट्रल लगायतका होटेलहरुमा बुकिङका लागि बन्द गरिएको छ । यस अगाडि बुकिङ भइसकेका या कतिपय मिशनहरु (राष्ट्रसङ्घका लागि दूतावास) अग्रिम बुकिङ गरिसकेका छन् ।

यतिखेर ती होटलका कर्मचारीहरुलाई भ्याइ नभ्याइ रहेको देखिएको छ । उनीहरु पनि पाहुनाहरुको सहयोगका लागि तत्परताका साथ लागिपरेका देखिन्छन् । उनीहरु कुनै पनि पाहुनाको लागि सहयोग गर्न उत्तिकै तयारी अवस्थामा रहेका छन् । त्यसो त न्युयोर्कको पर्यटन सिजन समर भएपनि सेप्टेम्बरदेखि डिसेम्बरसम्म निकै चहल पहल देखिन्छ ।

अहिले राष्ट्रसङ्घको मुख्यालयमा वरिपरि पैदल हिड्न बन्द गरिएको छ भने न्युयोर्क पुलिसले ठूलो सङ्ख्यामा क्याडेट परिचालन गरिसकेको छ । यहाँ वरपर भारी सङ्ख्यामा ब्यारियरहरु राखिएको छ । उच्चस्तरीय सप्ताह भएकाले कारगेड, स्कर्टिङ्ग गर्नेदेखि पाहुनाहरुलाई होटल र एयरपोर्टसम्म पुरयाउन कतिपय बाटोहरु एकतर्फी आवागमन र कतिपय बन्द गरिएको छ । राष्ट्रसङ्घले नै भिजिटरहरुको लागि अक्टोबर १२ सम्मलाई बन्द गरेको छ ।

यहाँ आवागमनका लागि बाटोहरु बन्द भएपनि सर्वसाधारणका लागि भने अण्डर ग्राउण्डबाट चल्ने रेलवे सिष्टम भएकाले आफ्ना काममा आवात जावत गर्न लागि गाह्रो हुँदैन ।

मुख्य रुपमा मिड म्यान हटन, युनाइटेड नेशन हेडक्वार्टर लगायतका सडक बन्द गरेर सार्वजनिक कार्यक्रमहरुको अयोजना गर्न पनि रोक लगाइएको छ ।

न्युयोर्क सिटीकी पुलिस कमिशनर जेसिका टिश्चले संवाददाताहरुसँग कुरा गर्दै भन्नुभयो– न्युयोर्क पुलिस डिपार्टमेन्ट पूर्ण रुपमा तयार र सतर्क रहेका छौँ ।

न्युयोर्कको एक स्थानीय होटलमा कार्यरत समिर पाँडेका अनुसार यहाँका होटलहरुमा सबैभन्दा व्यस्त सिजन सेप्टेम्बर नै हो, तर हामीहरुलाई महासभामा भाग लिन आउनेहरुको विषयमा स्पेशल भनेर भनिएको हुँदैन । उहाँका अनुसार यो समयमा होटेलहरुको उच्च दरको वुकिङ्ग भएकाले मूल्य पनि महङ्गो पर्ने हुन्छ । त्यसैले तीन महिना अगाडि बुकिङ गरेको खण्डमा किफायति मूल्यमा होटल प्राप्त गर्न सकिन्छ ।

म्यानहटनमा नै खुद्रा पसल चलाएर बसेका ओमप्रकाश खण्डेवाल यो समयमा उपहारका सामानहरुको व्यापार बढी हुने बताउनुहुन्छ । उहाँले विगत एक दशकमा सेप्टेम्बर महिनामा जहिले पनि व्यापार वढी हुने तथ्याङ्क आफूसँग रहेको बताउनुहुन्छ ।

न्युयोर्कमा नै बसेर उवर चलाउँदै आउनुभएका तिलक गुरुङका अनुसार यो सिजनमा धेरै स्थानमा अवरोध हुने भएकाले छोटो यात्रालाई पनि लामो समय लाग्ने, अन्तिम समयमा रुट परिवर्तन गराइदिने गरेकाले हैरानी त हुन्छ । गुरुङ्गका अनुसार यो समयमा सबवे (रेल) बाट यात्रा गर्दा धेरै सजिलो र किफायति हुन्छ ।

संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा जारी महासभा आगामी २९ सेप्टेम्वरसम्म जारी रहनेछ । यसपटकको महासभाको "विश्वासको पुर्नस्थापना, रुपान्तरणको व्यवस्थापन: सबैको लागि कार्य गर्ने संयुक्त राष्ट्रसङ्घ" भन्ने नारा रहेको छ ।

**नेपालको तयारी**

न्युयोर्कस्थित नेपालको संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नियोगका अनुसार प्रधानमन्त्री वालेन्द्र शाहले महासभाको ८१औं सेसनलाई २४ सेप्टेम्बरमा सम्बोधन गर्नुहुने छ । यस सम्बोधनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ । यसैगरी परराष्ट्र मन्त्री शिशिर खनाल सोमबार महासभामा भाग लिनका लागि न्यूयोर्क आइपुग्नुहुने छ ।

भोटेकोशी बाढीका कारण नेपालले निकै ठूलो क्षति व्यहोर्नुपरेकाले यस पटकको महासभामा नेपालमाथि नै विश्वको ध्यान पुग्ने देखिएको छ । त्यसैले पनि यो महासभामा नेपालको सहभागिता र उपस्थिति महत्वपूर्ण रहेको छ ।

महासभाको एक मुख्य एजेण्डा नै जलवायु परिवर्तन हो । यसलाई नेपालले मुख्य रुपमा प्रभावित देशको उदाहरण सहित आफनो आवाजलाई वुलन्द बनाउन सक्नेछ । एकातिर विश्व जगतले समुन्द्रको सतह बढ्ने र त्यसले मानवीय, ऊर्जा, पूर्वाधारको क्षति वढाउने भन्दै चिन्ता व्यक्त गरिरहेका छन् । अर्कातर्फ विश्वका उच्च शिखरहरु मध्ये नेपालका आठ शिखर पग्लिदै गएर अन्तत्वगत्वा समुन्द्र सतह वृद्धि नै हुनेछ । त्यसैले नेपालले आयोजना गर्ने 'सगरमाथा टु दि सी लेभल' भन्ने नाराका साथ 'साइडलाईन इभेन्ट' महत्वपूर्ण हुने नै छ ।

त्यसमाथि नेपालले हरित ग्याँस उत्सर्जनमा कम योगदान तर क्षतिमा बढी व्यहोर्नु परेकाले हानी नोक्सानीको विषयमा पनि विश्वको ध्यान आकर्षित गर्ने नै छ । विश्वका विकसित देशहरुले यसमा योगदान गर्ने कोष बढाउन दवाव दिने यो समय उपयुक्त भएकाले राष्ट्रसङ्घका अधिकारीहरु नै यसलाई जोडतोडका साथ उठाइरहेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनले देशहरु र मानिसहरुको जीवनमा पार्ने असर निकै खराब हुँदै गएको र यसको पछिल्लो प्रमाण नेपालको घटना हो भन्नु भएको थियो ।

गत बुधवार मात्रै पनि संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा ८१औं महासभाको उच्चस्तरीय सप्ताह सुरु हुन लागेको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले उक्त धारणा राख्नु भएको हो ।

संवाददाताहरुले उच्चस्तरीय बैठकहरुमा नेपालमा हालै आएको विपद् र विश्वव्यापी तापक्रम वृद्धिको सम्वन्धमा कुनै ठोस नतिजाको अपेक्षा गर्न सकिन्छ भन्ने प्रश्नको जवाफ दिँदै महासचिव गुटेरेसले अगाडि थप्नु भयो- तीन वर्ष अगाडि म अन्नपूर्ण र सगरमाथाका हिमनदीहरुमा गएको थिएँ, त्यति बेला नै मैले भनेको थिएँ कि अवस्था निकै खराब हुँदै गइरहेको छ र कुनै पनि विनाशकारी घटना घट्न सक्छ र अहिले त्यस्तै भएको छ ।

महासचिव गुटेरेसले जलवायु परिवर्तनले देशहरुको अवस्था अझै विग्रन सक्ने भन्दै सचेत रहनसमेत आग्रह गर्नुभएको छ । यसैले यस पटकको महासभामा नेपालले जलवायु न्याय के कति मात्रामा प्राप्त गर्न सफल हुन्छ भन्ने त भविष्यको विषय हो तर नेपालले आफनो भनाई राख्नका लागि उपयुक्त अवसर भने अवश्य प्राप्त गरेको छ । आशा गरौँ अरु महासभा भन्दा नेपालले यो महासभाबाट बढी भन्दा बढी लाभ लिन सफल होस् ।

समयमा नै सचेतता नअपाउने हो भने सेप्टेम्बरमा सिमसिम परेको पानीजस्तै झन् बढ्दै जाने र दुई दशकपछि हिमपात भएर राष्ट्रसङ्घको महासभालाई नै अवरोध पुर्याउने पो हो कि ? त्यसैले जलवायु परिवर्तन जस्तो गम्भीर समस्याले विश्वको मानचित्रमा नै धक्का दिने भएकाले यसमा विश्वभरका सरकार प्रमुखहरुले प्रतिवद्धता अनुसारको काम गरेर भावी पिँढीका लागि सवल र सक्षम पृथ्वी हस्तान्तरण गर्न सफलता मिलोस् ।

### *चिकित्सकमाथी ...*

प्रहरी प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले आरोपित दुवै जनालाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ३ (ग) बमोजिमको कसुर अन्तर्गत अनुसन्धान भइरहेको तथा घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान गरी खोजतलास जारी रहेको बताए । उनका अनुसार यो ऐन अन्तर्गत कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा तीन लाख सम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको जानकारी दिए ।

घटना विवरण अनुसार गत बिहीबार प्रादेशिक अस्पताल जनकपुरको बर्थिङ्ग सेन्टरमा प्रसूतिका लागि आएकी महिलाका आफन्तहरूले शल्यक्रियामा लापरबाही गरेको आरोप लगाउँदै ड्युटीमा रहेका चिकित्सक सरोज साहलाई हातपात गर्दै कुटपिट गरेका थिए । कुटपिट भएपछि चिकित्सकहरू आन्दोलित भएका थिए ।

चिकित्सकहरूले उपचारको क्रममा लापरबाही भएको भए अनुसन्धान गर्ने निकायमा उजुरी दिनुको साटो अस्पतालमा खटिएका स्वास्थ्यकर्मी माथि हातपात तथा कुटपिट हुनुलाई गम्भीर रूपमा लिएको भन्दै आरोपितलाई कारबाहीको माग गरेका थिए । यो अस्पतालमा बारम्बार यस्ता घटना घट्दै आएको छ ।

# 'ठूलो बाढी आउँदैछ' भन्ने सूचना पत्याउन नसक्दा धेरै क्षति

**रामहरि न्यौपाने**
त्रिशूली (नुवाकोट), ५ असोज (रासस) ।

बिहानको खाना खाइसकेपछि विदुर नगरपालिका-१ ढुङ्गेका छत्र प्याकुरेल नियमित काममा जाने तयारीमा हुनुहुन्थ्यो । त्रिशूली नदीको किनारबाट केही दूरीमा घर भएकाले नदीमा ठूलो बाढी आए पनि आफ्नो घरसम्म त्यसको असर पुग्ला भन्ने उहाँलाई लागेको थिएन । त्यसैले भदौ १० गते बिहान 'बाढी आउँदैछ' भन्ने सूचना पाए पनि त्यसले निम्त्याउन सक्ने विपत्तिको अवस्थाका बारेमा उहाँले अनुमान गर्न सक्नुभएन ।

घरबाट निस्कने तयारी गरिरहेका बेला प्रहरीले माइकिङ गर्दै भन्यो, "भोटेकोशीमा आएको बाढीले रसुवाको टिमुरेमा ठूलो क्षति पुर्‍याएको छ । ठूलो बाढी तीव्रगतिमा अघि बढिरहेको छ । तपाईंहरू सबै सुरक्षित स्थानतर्फ लाग्नुहोस् । ढुङ्गे चोकभन्दा अझ माथि जान अनुरोध गर्दछौँ", माइकिङ गर्ने प्रहरी हवल्दार अर्जुन न्यौपानेलाई चिन्नुभएका उहाँले प्रहरीको नजिकै पुगेर सोध्नुभयो, "बाढी धेरै ठूलो हो ?" जवाफ आयो, "हो, धेरै ठूलो छ ।"

तर, 'धेरै ठूलो' भन्ने चेतावनीले पनि बाढीको वास्तविक अवस्था ठूलो होलाजस्तो लागेको थिएन । "नातिनी विद्यालय जाने बेला भएको थियो । सबै जनासँगै निस्कनुपर्ला भन्ने लाग्यो", प्याकुरेलले भन्नुभयो । त्यसपछि उहाँ परिवारका सदस्यसँगै घरबाट निस्कने तयारीमा लाग्दै गर्दा केही समयमै त्रिशूलीको भेल अस्वाभाविक रूपमा बढ्यो । बाढीले घरलाई चारैतिरबाट घेर्‍यो । केही मिनेटमै ढुङ्गेबजार र आसपासका बस्ती बाढीको भेलमा परिणत भए ।

घरमै फसेका प्याकुरेलसहित परिवारका पाँच जना र एक छिमेकी गरी छ जनालाई स्थानीयवासीको सहयोगमा सुरक्षाकर्मीले उद्धार गरे । बाढीको भेलबीच ज्यान जोगाउन सफल उहाँको घर अहिले 'हरियो घर'का रूपमा परिचित छ । "सूचना त आएको थियो, तर यति ठूलो बाढी आउँछ भन्ने विश्वास लागेन । बाढी आँखैअगाडि आइपुग्दा सुरक्षित ठाउँमा जाने समय नै भएन", उहाँले भन्नुभयो ।

**बाढी हेर्न जाँदा आफैँ भेलमा**

विदुर-१० बेत्रावतीका शशि डङ्गोलले पनि टिमुरेमा बाढीले क्षति पुर्‍याएको केही समयमै साथीमार्फत ठूलो बाढी आउँदै गरेको सूचना पाउनुभएको थियो । केही समयपछि बेत्रावती प्रहरी चौकीबाट समेत माइकिङ भयो, "बाढी आउँदैछ, सुरक्षित स्थानमा जानुहोस्, धेरै ठूलो बाढी आउँदैछ ।"

चित्रकलामा आफ्नो छुट्टै पहिचान बनाउनुभएका डङ्गोल सामाजिक क्षेत्रमा पनि सक्रिय हुनुहुन्थ्यो । उहाँले बेत्रावती बजारका स्थानीयलाई पसल तथा व्यवसाय बन्द गरी सुरक्षित स्थानमा जान आग्रह गर्नुभयो । तर, अरूलाई सुरक्षित हुन आग्रह गरिरहनुभएका उहाँ स्वयं भने बाढीको अवस्था हेर्न नदी किनारतर्फ लाग्नुभयो । नदीतर्फ पुग्न नपाउँदै चारैतिरबाट आएको भेलले उहाँलाई घेर्‍यो । "बाढी हेर्न नदीतर्फ जाँदै थिएँ, एक्कासी चारैतिरबाट आएको बाढीले छोप्यो । केही सेकेन्डले ज्यान बच्यो", डङ्गोलले भन्नुभयो ।

बाढीमा परेर उहाँको खुट्टाको मांसपेशी च्यातिएको छ । तर, शारीरिक चोटभन्दा आफ्नै आँखाअगाडि साथीभाइ र छिमेकीलाई त्रिशूलीले बगाएको दृश्यले उहाँलाई पीडा दिएको छ । "आँखैअगाडि आफ्ना साथी र छिमेकीलाई त्रिशूलीले बगाएर लग्यो । त्यो दृश्य जीवनमा कहिल्यै बिर्सन सक्दिन", भावुक हुँदै उहाँले भन्नुभयो, "ठूलो बाढी आउँदैछ भन्ने थाहा थियो, तर कत्रो ठूलो भन्ने थाहा भएन ।"

**अरूलाई खबर गर्न दौडिँदा आफ्नै परिवार गुमाएँ**

रसुवाको उत्तरगया गाउँपालिका-१ तिरुका कर्मा तामाङको पीडा अझ गहिरो छ । गोरखा भूकम्पले विस्थापित गरेपछि उहाँ पछिल्लो १० वर्षदेखि उत्तरगया-५ स्थित त्रिशूली नदीकिनारको खाल्डेमा बस्दै आउनुभएको थियो ।

गत भदौ १० गते टिमुरेबाट बाढी अघि बढेको खबर पाएपछि उहाँ खाल्डे र नजिकैको सातबिसेमा बस्ने २५० भन्दा बढी परिवारसम्म खबर पुर्‍याउन दौडिनुभयो । तर, सूचना फैलाउन थालेको करिब १० मिनेट नबित्दै बाढी बस्तीमा आइपुग्यो ।

उहाँले भेलबाट भागेर ज्यान त बचाउनुभयो, तर बुबाआमा, श्रीमतीसहित परिवारका १५ सदस्य गुमाउनुभयो । उक्त बस्तीका १०० भन्दा बढी हराइरहेका छन् । "ठूलो बाढी आउँदैछ भन्ने थाहा थियो । तर, कत्रो ठूलो बाढी हो भन्ने अनुमान भएन । पोहोर (विसं २०८२ असार २४ गते)को जत्रै होला, बाढी आउन बेर लागिहाल्छ भन्ने थियो, सास फेर्न नपाउँदैमा छोपिहाल्यो", तामाङले भन्नुभयो ।

**सूचना पुग्यो, तर जोखिमको आकार बुझिएन**

भदौ १० गतेको बाढी रसुवागढी, घट्टेखोला हुँदै टिमुरेबाट तल्लो तटीय क्षेत्रमा अत्यन्त तीव्रगतिमा फैलिएको थियो । टिमुरेबाट बाढीको सूचना त्रिशूली नदीकिनारका बासिन्दासम्म पुगे पनि त्यसले पुर्‍याउने क्षतिको अनुमान कल्पनाभन्दा धेरै गुणा ठूलो बन्यो ।

विदुर-१ ढुङ्गेका विष्णु श्रेष्ठका अनुसार २०१८ सालतिर पनि त्रिशूलीमा ठूलो बाढी आएको कुरा हजुरबुबाले सुनाउनुभएको थियो । त्यसबेला मानवीय भएन, भौतिक क्षति सामान्य रहेको उहाँको स्मरण छ । "हजुरबुबाले २०१८ सालमा ठूलो बाढी आएको सुनाउनुहुन्थ्यो । अहिले त त्रिशूली नदीबाट करिब ३०० मिटर पर र झन्डै १०० मिटर उचाइमा रहेको मेरो चार रोपनी धानखेत बगर बनायो", श्रेष्ठले भन्नुभयो ।

बाढी आउँदैछ भन्ने खबर थाहा पाए पनि यति ठूलो विध्वंस होला भन्ने धेरैलाई लागेन । टिमुरे, स्याफ्रुबेंसी, मैलुङ, शान्तिबजार, बेत्रावती, तुप्चे, त्रिशूली र देवीघाटलगायतका नदी आसपासका बस्ती बाढीले निमेषभरमै सिध्यायो ।

नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीका अनुसार बाढीको सूचना प्रवाह भए पनि त्यसको गम्भीरता बुझाउन चुनौती देखिएको स्मरण गर्नुहुन्छ । उहाँका अनुसार विपद्का बेला सूचना समयमै पुग्नु जति महत्त्वपूर्ण छ, त्यसको गम्भीरता बुझेर तत्काल सुरक्षित स्थानमा पुग्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

"सफा मौसम, घाम लागिरहेको वातावरणमा ठूलो बाढी आउँदैछ भनेर प्रवाह गरिएको सूचनालाई धेरैले पत्याउन र बुझ्न सकेनन्", प्रजिअ रेग्मीले भन्नुभयो, "मानवीय क्षति कम गराउन सूचना कति छिटो पुग्यो भन्नेमात्र होइन, सूचनाको गम्भीरता कति बुझियो भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण हुने गर्दछ ।"

भोटेकोशी बाढीले विपद्का बेला सूचना प्रवाहसँगै त्यसको गम्भीरता बुझेर पालना गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुने देखाएको छ । बाढी आउँदैछ भन्ने सूचना प्राप्त गरे पनि त्यसलाई सामान्य रूपमा लिँदा सुरक्षित स्थानमा पुग्न सक्ने अवसर धेरैले गुमाए । त्यसैले विपद्को पूर्वसूचना पाउनेबित्तिकै त्यसको गम्भीरता बुझेर सावधानी अपनाउनु र सुरक्षित स्थानतर्फ जानु आवश्यक हुन्छ ।

*प्रधानमन्त्री ...*

९० लाख ३८ हजार ८७१ मौज्दात छ । सरकारले उक्त कोषमा जम्मा भएको सहयोग रकमबाट यसअघि रु एक अर्ब बाढी प्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ ।

कार्यालयका अनुसार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा रु ११ अर्ब १४ करोड २० लाख ५० हजार ९४७ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा दुई करोड ४४ लाख ७४ हजार १२१ अमेरिकी डलर जम्मा भएको छ ।

# ग्यास आपूर्ति सहज बनाउन मन्त्रालयले निरन्तर प्रयास गरिरहेको छ : मन्त्री साह

काठमाडौँ, ५ असोज (रासस) ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले ग्यास आपूर्ति सहज बनाउन मन्त्रालयले तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानको ढाँचा तयार गरी सबै शक्ति र सामर्थ्य लगाइ निरन्तर प्रयास गरिरहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदका जिज्ञासाको जवाफ दिँदै उहाँले ग्यास सिलिण्डरको आपूर्ति यथाशीघ्र सामान्य बनाउन कार्यक्रम मूल्याङ्कन तथा समीक्षा प्रविधि विश्लेषण (पर्ट एनालाइसिस) गरी आपूर्ति प्रक्रियाका सबै चरणको अध्ययन गरिएको बताउनुभयो ।

"भन्सार जाँचपास (क्लियरेन्स)को समय घटाउन अर्थ मन्त्रालय, बाटोमा हुने जाम तथा आवागमन व्यवस्थापनका लागि गृहमन्त्रालय र नियमित आउने १०० बुलेट ग्यासलाई अस्थायी रूपमा एक सातासम्म १६० बुलेटसम्म पुर्‍याउन कूटनीतिक पहल अघि बढाइएको छ", मन्त्री साहले भन्नुभयो ।

ग्यास आपूर्ति अल्पकालीन रूपमा सहज र दीर्घकालीनका लागि दिगो तथा व्यवस्थित बनाउन आवश्यक मार्गनिर्देशन तयार गर्ने उद्देश्यले मन्त्रालयभित्र आन्तरिक समिति गठन गरिएको उहाँले जानकारी दिनुभयो । मन्त्री साहले भन्नुभयो, "मन्त्रालयमा ग्यास उद्योगीसँग गरिएको बैठकबाट काठमाडौं उपत्यकामा प्रतिदिन ५० हजार सिलिन्डर आपूर्ति गर्ने प्रतिबद्धता प्राप्त भएको छ, जसको कार्यान्वयन दैनिक तथ्याङ्कबाट अनुगमन भइरहेको छ ।"

यसैगरी अत्यावश्यक वस्तुको मूल्यवृद्धि, कमजोर बजार अनुगमन र कालोबजारीबारे माननीय सदस्यले उठाउनुभएको विषयमा सरकार गम्भीर रहेको मन्त्री साहले उल्लेख गर्नुभयो । अवाञ्छित मूल्यवृद्धि हुन नदिने र कृत्रिम अभाव सिर्जना गर्नेलाई कानुनबमोजिम कारबाही गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ ।

"मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र मातहतका कार्यालयबाट संयुक्त तथा आकस्मिक अनुगमन टोली परिचालन गरी अवाञ्छित मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारी नियन्त्रणको काम भइरहेको छ", मन्त्री साहले भन्नुभयो, "उपभोक्ता हितविपरीत गतिविधि गर्नेमाथि कारबाही गर्दै आइएको छ र यस कार्यलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।"

मन्त्री साहका अनुसार खाद्य

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### पाकिस्तानमा १५ लाख बालबालिका अनलाइन यौन शोषणको जोखिममा

इस्लामाबाद, ५ असोज (रासस/एएफपी) ।

पाकिस्तानमा वार्षिक करिब १५ लाख बालबालिका अनलाइन यौन दुर्व्यवहारको सिकार हुने गरेको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) को प्रतिवेदनले देखाएको छ । सामाजिक कलङ्क, लाज तथा परिवार र समाजको प्रतिक्रियाको डरले अधिकांश पीडितले आफूले भोगेको घटना कसैलाई बताउने गरेका छैनन् ।

सुरक्षाका कारण नाम परिवर्तन गरिएकी १७ वर्षीया जारा शाह पनि अनलाइन गेम खेल्ने क्रममा एक अपरिचित व्यक्तिको सम्पर्कमा पुगेर यौन दुर्व्यवहारको प्रयासमा पर्नुभयो । उहाँका अनुसार ती व्यक्तिले मित्रवत् व्यवहार गर्दै विश्वास जितेपछि भेट्न बोलाउनुका साथै नग्न तस्बिर मागेका थिए । अस्वीकार गरेपछि परिवारलाई उनीहरूबीचको कुराकानी सार्वजनिक गरिदिने धम्की दिइएको उहाँले बताउनुभयो ।

युनिसेफका अनुसार पीडितमध्ये करिब ८५ प्रतिशतका अपराधी परिचित व्यक्ति हुने गरेका छन् । अपराधीले अनलाइन गेम, मित्रवत् कुराकानी, उपहार, पैसा वा प्रेमको आश्वासनमार्फत बालबालिकाको विश्वास जित्ने गरेको प्रतिवेदनमा उल्लेख छ । करिब ७१ प्रतिशत पीडितले घटना कसैलाई नबताउने गरेका छन् भने सर्वेक्षणमा सहभागी कसैले पनि प्रहरी, हेल्पलाइन वा सामाजिक कार्यकर्तामार्फत औपचारिक उजुरी गरेका थिएनन् ।

बाल अधिकार संस्था पहचानकी निर्देशक मेहक नइमका अनुसार रिपोर्ट भएका घटनामध्ये करिब ४४ प्रतिशत पूर्णरूपमा अनलाइन हुने गरेका छन् र स्न्यापच्याट तथा ह्वाट्सएप बढी प्रयोग हुने माध्यममध्ये पर्छन् । पाकिस्तानमा १२ देखि १७ वर्ष उमेर समूहका करिब ७४ प्रतिशत बालबालिका इन्टरनेट प्रयोग गर्ने भएकाले अनलाइन सुरक्षा थप चुनौतीपूर्ण बनेको छ ।

यसैबीच, पञ्जाब सरकारले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने प्रस्ताव अघि सारेको छ । डिजिटल अधिकार अभियन्ता उसामा खिलजीले यस्तो प्रतिबन्ध कार्यान्वयन गर्न कठिन हुने तथा यसले बालबालिकाको अभिव्यक्ति स्वतन्त्रतामा असर पार्न सक्ने बताउनुभएको छ ।

बालबालिकाविरुद्ध प्रविधिको दुरुपयोग रोक्न पाकिस्तानमा कानुनी व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको मुस्लिम ह्यान्ड्सकी प्रवक्ता ताहिरा अफ्रासियाबले बताउनुभयो । मानव अधिकारसम्बन्धी कानून व्यवसायी सलमान अफ्रिदीले आर्थिक कमजोरीको फाइदा उठाउँदै बालबालिकालाई यौन शोषणमा पार्ने क्रममा प्रविधिबाट विश्वास जित्ने, प्रलोभन दिने, धम्क्याउने तथा सामग्री उत्पादन र वितरण गर्नेसम्मका गतिविधि भइरहेको बताउनुभयो ।

अनलाइन गेमबाट सुरु भएको आफ्नो अनुभवले अझै डरमा बाँच्न बाध्य बनाएको शाहले बताउनुभयो । "म डराएकी थिएँ र अहिले पनि डराएकी छु", उहाँले भन्नुभयो ।

### अमेरिका-चीनबीच 'एआई संवाद' को तयारी

न्युयोर्क, ५ असोज (रासस/एएफपी) ।

अमेरिका र चीनले कृत्रिम बौद्धिकता (एआई) का सम्भावित जोखिम तथा राष्ट्रिय सुरक्षा चुनौतीबारे नियमित संवाद गर्ने संयन्त्र निर्माणका लागि छलफल गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच यसै साता हुने अपेक्षित शिखर बैठकअघि दुवै देशका आर्थिक अधिकारीबीच भएको वार्तामा यस्तो प्रस्ताव अघि बढेको हो ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लिफेङ नेतृत्वको टोलीबीच न्युयोर्कस्थित जेपी मोर्गन चेजको मुख्यालयमा करिब आठ घण्टा वार्ता भएको थियो । वार्तापछि बेसेन्टले व्यापार र एआईका विषयमा दुवै पक्षबीच 'धेरै सफल संवाद' भएको बताउनुभयो ।

उहाँका अनुसार प्रस्तावित 'अमेरिका-चीन एआई संवाद' अन्तर्गत एआईसँग सम्बन्धित सम्भावित घटना वा राष्ट्रिय सुरक्षासम्म पुग्न सक्ने जोखिमबारे एकअर्कालाई जानकारी गराउने संयन्त्र बनाइनेछ । दुवै पक्षले यस विषयमा थप छलफल गर्न सहमति जनाएका छन् । चिनियाँ सरकारी सञ्चारमाध्यमले वार्तालाई 'स्पष्ट, गहन र रचनात्मक' भनेको छ । सिन्ह्वाका अनुसार दुवै पक्षले द्विपक्षीय व्यापार र लगानी प्रवर्द्धन तथा अघिल्ला सहमतिहरू कार्यान्वयनलगायत विषयमा छलफल गरेका छन् । बैठकमा चिनियाँ अन्तर्राष्ट्रिय व्यापार प्रतिनिधि ली चेङ्गाङ पनि सहभागी हुनुहुन्थ्यो ।

वार्तामा केही वस्तुमा पारस्परिक शुल्क घटाउने तथा 'गैर-संवेदनशील' वस्तुलाई व्यापारसम्बन्धी प्रतिबन्धबाट अलग राख्ने विषयमा पनि छलफल भएको अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरले बताउनुभयो । दुर्लभ पृथ्वीका चुम्बक र महत्त्वपूर्ण खनिजको आपूर्ति निरन्तर कायम राख्ने विषय पनि अमेरिकी पक्षको प्राथमिकतामा रहेको छ ।

यसअघि चीनले अमेरिकी कृषि सामग्री खरिद गर्ने प्रतिबद्धता जनाएको थियो । त्यसको कार्यान्वयन तथा इरानमाथि अमेरिकी आर्थिक दबाब पनि छलफलका विषय बन्न सक्ने बताइएको छ ।

यसैबीच, अमेरिकी पूर्व उपसचिव कर्ट क्याम्पबेलले ट्रम्प-सी शिखर बैठकबाट तत्काल ठूलो उपलब्धिको अपेक्षा गर्नुभन्दा व्यापार युद्धविराम कायम रहने सम्भावनालाई ध्यान दिनुपर्ने बताउनुभएको छ । ट्रम्प र सीले नोभेम्बरमा चीनको शेन्जेनमा हुने एपेक मञ्चमा तथा डिसेम्बरमा मियामीमा हुने जी-२० शिखर सम्मेलनमा भेट गर्ने अपेक्षा गरिएको छ ।




नेपाल पत्रकार महासंघले लोककल्याणकारी विज्ञापनको रकम कटौतीका विरुद्ध सोमबार विज्ञापन बोर्डमा धर्ना दिएको छ । *तस्विर : नेपाल पत्रकार महासंघ*

# सामाजिक शान्तिमा खलल पु¥याएको आरोपमा मनोज मानव पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ५ असोज ।**

सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समुदायविरुद्ध भ्रामक, आधारहीन र धम्कीपूर्ण सामग्री सार्वजनिक गरी सामाजिक शान्तिमा खलल पु¥याएको आरोपमा सिरहामा मनोज मानव भन्ने मनोज कुमार महतो पक्राउ परेका छन् ।

लहान नगरपालिका–२४ का महतोले लामो समयदेखि जिल्लाका उद्योगी, व्यवसायी, जनप्रतिनिधि, पत्रकार, राजनीतिक व्यक्ति तथा राष्ट्रसेवक कर्मचारीलगायत विभिन्न व्यक्ति र समुदायलाई लक्षित गरी तथ्यहीन सामग्री पोस्ट गर्दै आएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

त्यस्ता सामग्रीका कारण व्यक्तिको प्रतिष्ठामा असर पर्नुका साथै सामाजिक सद्भाव र शान्तिमा समेत खलल पुग्न सक्ने अवस्था देखिएकाले प्राप्त जाहेरीका आधारमा साइबर अपराध तथा सार्वजनिक शान्ति खलल पार्न नहुनेसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको हो ।

पक्राउ पुर्जी जारी भएपछि प्रहरीले खोजतलास गर्ने क्रममा महतोलाई उदयपुरको चतरा पुलपारिको एक होटलमा लुकिछिपी बसेको अवस्थामा असोज ४ गते पक्राउ गरेको हो । उनलाई जिल्ला प्रहरी कार्यालय उदयपुरको सहयोगमा पक्राउ गरी सिरहा ल्याइएको छ ।

महतोमाथि सामाजिक सञ्जालमा आपत्तिजनक तथा भ्रामक सामग्री सम्प्रेषण गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय सिरहामा साइबर अपराधसम्बन्धी आधा दर्जन मुद्दा दर्ता भइसकेको सिरहाका प्रहरी प्रमुख बासुदेव पाठकले बताए ।

यसैबीच महतोले आफूलाई पूर्व जनतान्त्रिक लडाकु भएको र आफूसँग स्वचालित हतियार रहेको भन्दै केही व्यक्तिलाई धम्की दिने तथा हतियारका तस्बिर पठाएर आपराधिक लाभ लिन खोजेको सूचनासमेत प्राप्त भएको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको र अनुसन्धानबाट खुलेका तथ्यका आधारमा कानुनी प्रक्रिया अघि बढाइने प्रहरीको भनाइ छ ।

# कोशी प्रदेशमा डेंगुको संक्रमण उच्च, झापा सबैभन्दा जोखिममा

झापा, ५ असोज (रासस) ।

कोशी प्रदेशमा डेंगु संक्रमणको दर बढ्दै गएको छ । झापा जिल्ला डेंगुको सबैभन्दा उच्च जोखिममा देखिएको छ ।

कोशी प्रदेशको स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य अधिकृत स्मृती लुईंटेलका अनुसार सन् २०२६ को सेप्टेम्बर १९ सम्मको तथ्यांकअनुसार प्रदेशमा ७९३ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । डेंगुको संक्रमण प्रदेशका १३ जिल्लामा फैलिएको छ ।

उहाँका अनुसार झापामा मात्रै हालसम्म २२८ जनामा संक्रमण पुष्टि भइसकेको छ । दोस्रो धेरै संक्रमित भएको जिल्ला सुनसरी हो । जहाँ २०३ जनामा संक्रमण पुष्टि भइसकेको छ ।

निर्देशनालयका अनुसार ओखलढुंगामा १२२ जना र खोटाङमा ८२ जनामा संक्रमण देखिएको छ । संखुवासभामा १८, पाँचथरमा ४४, उदयपुरमा ३४, भोजपुरमा ३१, धनकुटामा ४, मोरङमा २०, सोलुखुम्बुमा ३, तेह्रथुममा ३ र ताप्लेजुङमा १ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

सोही अवधिमा विभिन्न जिल्लामा डेंगु संक्रमणका ५१ वटा सम्भावित र दुई वटा शंकास्पद बिरामी अस्पतालमा रहेको उहाँले जानकारी दिनुभयो । संक्रमणको बढ्दो जोखिमलाई मध्यनजर गर्दै लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने लगायतका अभियान सञ्चालन आवश्यक रहेको उहाँले बताउनुभयो ।

# स्यालको आक्रमणबाट १० जना मानिस र केही पशु चौपाया घाइते

सर्लाही, ५ असोज (रासस) ।

सर्लाहीको हरिवन नगरपालिकाको विभिन्न वडाक्षेत्रमा पछिल्लो समय स्यालको आक्रमणका घटना बढेको पाइएको छ । नजिकैको जङ्गलबाट आएका स्यालका हूलले मानिस र पशु चौपायालाई आक्रमण गरी घाइते तुल्याउने क्रम बढेको छ ।

स्यालको टोकाइबाट बितेको २० दिन यता नगरपालिका विभिन्न क्षेत्रमा १० जना घाइते भएको वडा नं ६ का वडाध्यक्ष सन्तलाल घिसिङले जानकारी दिनुभयो ।

गएको शुक्रबार साँझ मात्रै सोही वडामा एक बालिकासहित चार जनालाई स्यालले आक्रमण गरेको हो । स्यालको आक्रमणबाट हालसम्म तीन दर्जनभन्दा बढी पशुचौपाया घाइते भएका छन् ।

स्यालको आक्रमणबाट पछिल्लो समय स्थानीय ३० वर्षीया शर्मिला मैनाली, ३५ वर्षीया सावित्रा कुमारी मैनाली, ५७ वर्षीया देवमाया शिवाकोटी र दुई वर्षीया बालिका गोपिकाकुमारी महतो घाइते हुनुभएको छ । उहाँहरूलाई साँझ घर वरपर काम गरिरहेको अवस्थामा स्यालले आक्रमण गरेको थियो । उहाँहरूको हात, खुट्टासहित शरीरका विभिन्न भागमा गहिरो चोट लागेको छ । स्यालको आक्रमणबाट त्यस नगरपालिका–१, ६ र ८ बढी प्रभावित रहेको पाइएको छ ।

वनक्षेत्र नजिकै भएकाले मानव बस्तीमा पसी दिउँसो नै स्यालले मानिस र पशु चौपायालाई आक्रमण गर्न थालेपछि सर्वसाधारणलाई घर बाहिर निस्कन समेत डर मान्न पर्ने स्थिति बनेको स्थानीय रमेश लामा बताउनुहुन्छ ।

स्यालको आक्रमणका घटना बढेपछि स्याल नियन्त्रणका लागि डिभिजन वन कार्यालयसँग समन्वय भइरहेको नगरप्रमुख रमेश बुडाथोकी बताउनुभयो । "केही दिनयता स्यालले नगर क्षेत्रका केही गाउँमा आतङ्क मच्चाएको छ," उहाँले भन्नुभयो, "हामीले वन कार्यालय र पुलिस प्रशासनलाई समेत खबर गरी स्याल नियन्त्रण गर्न आग्रह गरेका छौं ।"

स्यालको आक्रमणबाट घाइते मानिस र पशु चौपायालाई रेबिज सङ्क्रमण नहोस् भनी पालिकाले प्रदेश सरकारसँग समन्वय गरी आवश्यक खोप लगाउने काम गरिरहेको नगर स्वास्थ्य शाखाका प्रमुख रामबाबु चौधरीले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार, पछिल्ला दिनमा स्वास्थ्यकर्मी र पशु चिकित्सकको टोली गाउँ–गाउँमै पुगेर घाइतेको उपचार गरिरहेको छ ।

# २२ महिनापछि अभियुक्त पक्राउ

सिरहा, ५ असोज (रासस) ।

'अब न्याय पाउँछौं' । भन्ने विश्वास मरिसकेको थियो । दिन बित्यो, महिना बित्यो तर, भाइको हत्यामा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्न सक्छ भन्ने विश्वास पनि हराइसकेको थियो ।

तस्करीलाई रोक्न खोज्दा तस्कर समूहले मारिएका सशस्त्रका प्रहरी नायब निरीक्षक लक्ष्मणप्रसाद यादवका दाजु पाण्डव यादवको भनाइ हो यो, तर २२ महिनापछि प्रहरीले मुख्य अभियुक्तलाई पक्राउ गरेपछि उहाँको परिवारमा न्यायप्रतिको विश्वास पलाएको छ ।

नागरिकलाई अन्याय पर्दा प्रहरीले सुरक्षा दिन्छ, भन्ने विश्वास सबैको हुन्छ । तर, त्यही सुरक्षामा खटिएका प्रहरीको हत्या हुँदा न्याय नपाए पछि विश्वास हराउँदै गएको थियो, अहिले मुख्य अभियुक्तलाई पक्राउ गर्दा हराएको विश्वास फर्किएको उहाँको दाजु पाण्डव यादवले बताउनुभयो ।

**घटनाको विवरण–**

विसं २०८१ मङ्सिर १६ गते बिहानै भारतबाट नेपालतर्फ मदिरा तस्करी भइरहेको सूचना प्राप्त भएको थियो । त्यसपछि अँध्यारोमै ३ः०० बजे बरियारपट्टी गाउँपालिका–१ कचनारीस्थित नेपाल–भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी टोली खटिएको थियो ।

बीओपी बडहरी बरियारपट्टीबाट प्रहरी नायब निरीक्षक लक्ष्मणप्रसाद यादवको नेतृत्वमा उक्त टोली त्यसतर्फ खटिएको थियो ।

सूचना अनुसार सशस्त्र प्रहरीको टोलीले शङ्कास्पद गाडी आइरहेको देख्यो । उक्त गाडी डीएल ५ सीजे ७1७१ नम्बरको सफारी जीप थियो ।

ड्युटी टोलीले उक्त जीपलाई रोक्न खोज्यो । तर, चालकले ड्युटीमा रहेका सई लक्ष्मणप्रसादलाई ठक्कर दिएर फरार भएको सशस्त्र प्रहरीले बताउँदै आएको छ । गम्भीर घाइते भएका सई लक्ष्मणप्रसादको उपचारका क्रममा मृत्यु भएको थियो । घटनापछि गाडीमा सवार व्यक्ति फरार रहेका थिए ।

त्यसपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाउँदै संलग्न व्यक्तिको खोजी गरिरहेको थियो । घटना भएको २२ महिनापछि प्रहरीले भारत विहारको मधुवनी जिल्ला, ललबनियाँ थाना, घोडमोहना गाउँका ३७ वर्षीय मोहम्मद कुरवान मंसुरीलाई पक्राउ गरेको छ । उहाँ नै मुख्य अभियुक्त रहेको प्रहरीले जनाएको छ ।

सई लक्ष्मणप्रसादको हत्यामा प्रयोग भएको गाडीका धनी उहाँ नै रहेको प्रहरीले बताएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बरियारपट्टी गाउँपालिका–१ कचनारीस्थित नेपाल–भारत सीमा क्षेत्रबाट उहाँलाई पक्राउ गरिएको हो । प्रहरीले कुरवानसहित तीन जनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय, महेशपुर पतारीको टोलीले पक्राउ गर्न खोजेपछि सिमा क्षेत्रबाट भाग्न खोज्ने क्रममा प्रहरीलाई लक्षित गरी उनीहरुले एक राउण्ड गोलीसमेत चलाएको प्रहरीको भनाइ छ ।

जवाफी कारबाहीमा प्रहरी टोलीले तीन राउण्ड गोली प्रहार गरी उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

गोली लागेर बाँया हातको कुहिनो र दाहिने कोखमा चोट लागेका कुरवानको प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको छ । मुख्य अभियुक्त समातिएपछि जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख वासुदेव पाठक, सशस्त्र प्रहरीका एसपी सुमनजङ्ग थापासहितको टोली मृतक सई लक्ष्मणप्रसादको घरमा पुग्नुभएको थियो ।

उहाँहरुले बाँकी रहेका अभियुक्तहरुलाई चाडै समातेर न्यायको प्रत्याभूति दिलाउने प्रतिबद्धतासमेत जनाउनु भएको थियो ।

# विपद्सम्बन्धी संसदीय विशेष समिति गठन

काठमाडौँ, ५ असोज (रासस) ।

प्रतिनिधिसभाले १५ सदस्यीय हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोसी त्रिशूली विपद्सम्बन्धी संसदीय विशेष समिति गठन गरेको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले 'प्रतिनिधिसभा नियमावली, २०८३' को नियम १८० बमोजिम गठनका लागि प्रस्तुत गर्नुभएको विशेष समिति गठनसम्बन्धी प्रस्ताव बैठकले सहमति जनाएको हो ।

समितिमा सांसद अच्युतम लामिछाने, अनुष्का श्रेष्ठ, गंगादेवी श्रेष्ठ, गणेश पराजुली, ध्रुवराज राई, धनञ्जय रेग्मी, निशा डाँगी, पुष्पराज कँडेल, मोहन आचार्य, रमेशकुमार मल्ल, मिङ्मा ग्याबु शेर्पा, रविन्द्र पटेल, सरस्वती लामा, सुजाता तामाङ र सीता थपलिया रहनुभएको छ । समितिले पहिलो बैठकबाट अध्यक्ष चयन गर्नेछ ।

हिमालमा जलवायु परिवर्तनको प्रभाव तथा भोटेकोसी त्रिशूली विपद्को अध्ययन गरी प्रभावित नागरिकको पुनःस्थापना, दिगो पुनर्निर्माण, भविष्यको जोखिम न्यूनिकरण, आवश्यक कानुनी तथा संस्थागत सुधार र जलवायु न्यायका लागि राज्यले अवलम्बन गर्नुपर्ने कार्यदिशा सिफारिस गर्नु समितिको उद्देश्य रहेको छ ।

## *ग्यास आपूर्ति ...*

व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत वर्षभरि सुपथ मूल्य पसल १९३ वटा सञ्चालन गरिएको छ भने साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत चाडपर्व लक्षित सुपथ मूल्यका पसल सञ्चालनको तयारी भइरहेको छ । उहाँले विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अनुसार अनुमतिपत्र रद्द भएका उद्योगले एक वर्षभित्र आफ्नो अचल सम्पत्तिको व्यवस्थापन गर्नुपर्ने र व्यवस्थापन हुन नसकेमा त्यस्तो सम्पत्ति नेपाल सरकारको हुने कानुनी व्यवस्था रहेको बताउनुभयो ।

निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमार्फत व्यापार घाटा कम गर्न 'वाणिज्य नीति, २०८१', 'नेपाल व्यापार एकीकृत रणनीति, २०८०' र 'व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना' अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको उहाँले जानकारी दिनुभयो ।

हेटौँडा सिमेन्ट उद्योग सञ्चालनको मागका सम्बन्धमा अर्थ मन्त्रालयबाट उक्त उद्योगको सम्पत्ति तथा दायित्व मूल्याङ्कन (डिडीए) सम्पन्न भएको बताउँदै मन्त्री साहले उद्योग सञ्चालनको विकल्प, वित्तीय दायित्व, प्रविधिगत अवस्था र बजार सम्भाव्यतालाई समेटेर निर्णय गर्ने विषय हाल छलफलमा रहेको अवगत गराउनुभयो ।

खानी तथा खनिज पदार्थको उत्खनन र ढुङ्गा, गिट्टी, बालुवा तथा क्रसर उद्योगको सञ्चालन मापदण्ड समयसापेक्ष बनाई प्रभावकारी नियमन गर्नुपर्ने विषयमा 'खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक, २०८३' सङ्घीय संसदमा पेस भई हाल समितिमा छलफलको क्रममा उहाँले जानकारी दिनुभयो ।

उत्तरी नाकाबाट व्यापार र आवागमन सहज बनाउन उठाइएको विषयमा सम्बन्धित व्यापार महाशाखा तथा सरोकारवाला निकायबाट नाकागत अवस्था, पूर्वाधार, भन्सार प्रक्रिया र अवरोधका कारणसम्बन्धी तथ्य सङ्कलन गर्दै आइएको उहाँले उल्लेख गर्नुभयो ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१–५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np